कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६६
दर्ता मिति: २०८३।०८।१०

उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावना: नेपाल सरकारले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना, निर्यात प्रवर्धन र आयात व्यवस्थापन गर्ने उद्देश्यका साथ उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने नीति लिए अनुरूप चालु आर्थिक वर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आधार वर्ष" भन्नाले कार्यक्रमका लागि मूल्याङ्कन गरिने आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्ष सम्झनु पर्छ।

(ख) "उत्पादन अभिवृद्धि" भन्नाले आधार वर्षको उत्पादित वस्तुको परिमाण तथा कारोबारको तुलनामा पछिल्लो आर्थिक वर्षमा कम्तिमा दश प्रतिशत उत्पादित वस्तुको परिमाण तथा कारोबारमा भएको उत्पादन अभिवृद्धि सम्झनु पर्छ।

(ग) "उद्योग" भन्नाले स्वदेशी कच्चा पदार्थ वा आयातित कच्चा पदार्थ उपयोग गरी कृषिजन्य, वनजन्य, औद्योगिक वा घरेलु तथा हस्तकलाका वस्तु उत्पादन गर्न प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सम्झनु पर्छ।

(ङ) "तेस्रो मुलुक" भन्नाले भारत बाहेकका मुलुक सम्झनु पर्छ।

(च) "निर्यात" भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको परिवर्त्य विदेशी मुद्रामा हुने गरी नेपालबाट तेस्रो मुलुकमा गरिने मालसामानको निर्यात सम्झनु पर्छ।

(छ) "निर्यातकर्ता" भन्नाले प्रचलित कानून बमोजिम आयात-निर्यात अनुमतिपत्र (एक्जिम कोड) लिई निर्यात गर्ने उद्योग सम्झनु पर्छ। सो शब्दले निर्यात योग्य वस्तु उत्पादन गर्ने उत्पादक तथा एक्जिम कोड लिएका बाहेकका उद्योगसँग त्यस्तो वस्तु खरिद गरी निर्यात गर्ने प्रचलित कानून बमोजिम स्थापना भएको निर्यात प्रवर्धन गृहलाई समेत जनाउँछ।

(ज) "पछिल्लो आर्थिक वर्ष" भन्नाले कार्यक्रमका लागि मूल्याङ्कन गरिने आर्थिक वर्ष सम्झनु पर्छ।

(झ) "प्रोत्साहन रकम" भन्नाले अनुसूची-१ बमोजिमका वस्तु उत्पादन तथा निर्यात गर्ने उद्योगलाई उत्पादनमा आधारित प्रोत्साहन स्वरूप प्रदान गरिने रकम सम्झनु पर्छ।

(ञ) "बैंक" भन्नाले यस कार्यविधि बमोजिम प्रोत्साहन रकम भुक्तानीका लागि जिम्मेवारी तोकिएको वाणिज्य बैंक सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ठ) "मूल्य अभिवृद्धि" भन्नाले दफा ८ बमोजिमको मूल्य अभिवृद्धि सम्झनु पर्छ।

(ड) "विभाग" भन्नाले उद्योग विभाग सम्झनु पर्छ।

३. प्रोत्साहन रकम उपलब्ध गराउने: (१) नेपाल सरकारले अनुसूची-१ मा उल्लिखित वस्तुहरू उत्पादन गर्ने उद्योग वा निर्यातकर्तालाई दफा १२ को उपदफा (२) बमोजिम बढीमा दश प्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

(२) चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजित बजेट रकमको सीमाभित्र रही मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने उद्योग वा निर्यातकर्तालाई योग्यताक्रमको आधारमा प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

(३) चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजित बजेटको सीमाभित्र रही औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमको उद्योगको वर्गीकरणको आधारमा प्रोत्साहन रकम उपलब्ध गराउने प्रयोजनका लागि क्रमशः तीस प्रतिशत, पैंतिस प्रतिशत र पैंतिस प्रतिशत बजेट रकम बाँडफाँट गरिनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमको वर्गीकरणको आधारमा बढीमा क्रमशः तीस लाख, पचास लाख र असी लाख रुपैयाँसम्म मात्र प्रोत्साहन रकम उपलब्ध गराइने छ।

४. प्रोत्साहन रकम प्राप्तिका योग्यता: उत्पादनमा आधारित प्रोत्साहन रकम प्राप्त गर्न देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भई नियमित रूपमा नवीकरण वा अध्यावधिक भएको,

(ख) स्थायी लेखा नम्बर (प्यान) वा मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको,

(ग) आधार वर्ष तथा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भएको,

(घ) आधार वर्ष को कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको,

(ङ) आधार वर्षको तुलनामा कम्तीमा दश प्रतिशत उत्पादन अभिवृद्धि हासिल गरेको।

५. आवेदन आह्वान गर्ने: (१) विभागले दफा ४ बमोजिम योग्यता पुगेका उद्योग वा निर्यातकर्तालाई दफा ३ बमोजिम प्रोत्साहन रकम प्रदान गर्नका लागि आवश्यक शर्तहरू तोकी न्यूनतम एक्काइस दिनको समयावधि दिई राष्ट्रियस्तरका दैनिक पत्रिका तथा विभागको वेबसाइट तथा सञ्चारका अन्य माध्यममा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा आवेदन दिने विधि, आवश्यक कागजात, आवेदन पेश गर्ने अन्तिम मिति र अन्य आवश्यक विवरण उल्लेख गर्नु पर्नेछ।

६. आवेदन दिनुपर्ने: (१) दफा ३ बमोजिम प्रोत्साहन रकम प्राप्त गर्न इच्छुक दफा ४ बमोजिम योग्यता पुगेका उद्योग तथा निर्यातकर्ताले विभागबाट प्रकाशित सूचना बमोजिम देहायका कागजात संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा विभाग समक्ष आवेदन पेश गर्नु पर्नेछ।

(क) उद्योग दर्ता प्रमाणपत्र तथा नियमित नवीकरण वा अध्यावधिक भएको प्रमाण,

(ख) स्थायी लेखा नम्बर (प्यान) वा मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र,

(ग) आधार वर्ष तथा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ङ) आधार वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा कम्तीमा दश प्रतिशत उत्पादन अभिवृद्धि भएको पुष्टि हुने (बिलबिजक, प्रज्ञापनपत्र लगायतका) कागजात,

(च) कुनै सरकारी बक्यौता बाँकी नरहेको तथा कालो सूचीमा नपरेको भनी अनुसूची-३ बमोजिम गरिएको स्वःघोषणा,

(छ) मूल्याङ्कन गरिएको आर्थिक वर्षमा समान प्रकृतिको प्रोत्साहन रकम अन्य निकायबाट नलिएको भनी अनुसूची-४ बमोजिम गरिएको स्वःघोषणा,

(ज) बैंकिङ कारोबार भएको प्रमाण।

(२) उपदफा (१) बमोजिमको आवेदन विद्युतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ।

७. <u>उत्पादन अभिवृद्धिको गणना सम्बन्धी व्यवस्था:</u> (१) सम्बन्धित उद्योग तथा निर्यातकर्ताले यस कार्यविधि बमोजिम उत्पादन तथा निर्यात भएको वस्तुको उत्पादन अभिवृद्धि गणना गर्दा देहायको सुत्रका आधारमा गणना गर्नु पर्नेछ।

उत्पादन अभिवृद्धि= पछिल्लो आर्थिक वर्षको उत्पादन — आधार वर्षको उत्पादन

(२) उपदफा (१) बमोजिम उत्पादन अभिवृद्धि यकिन गर्दा उत्पादन परिमाणको हिस्सा चालिस प्रतिशत र बिक्री मूल्यको हिस्सा साठी प्रतिशत मानी गणना गर्नु पर्नेछ।

८. <u>मूल्य अभिवृद्धि प्रमाणीकरण पेस गर्नु पर्ने:</u> (१) सम्बन्धित उद्योग तथा निर्यातकर्ताले यस कार्यविधि बमोजिम उत्पादन तथा निर्यात भएको वस्तुको मूल्य अभिवृद्धि प्रमाणीकरण गणना गर्दा देहायको सुत्रका आधारमा गणना गरी आवेदनसाथ पेस गर्नु पर्नेछ।

$$\textbf{Value Addition} = \frac{(\text{Ex Factory Price} - \text{Value of Foreign Originated Material})}{\text{Ex Factory Price}} \times 100$$

(२) उपदफा (१) बमोजिमको मूल्य अभिवृद्धि प्रमाणीकरण सो वर्षको लेखापरीक्षण गर्ने लेखापरीक्षकबाट प्रमाणित गराई पेस गर्नु पर्नेछ।

९. <u>मूल्याङ्कनका आधार:</u> दफा ६ बमोजिम प्राप्त आवेदनको मूल्याङ्कन अनुसूची-५ बमोजिमको मूल्याङ्कनको आधार, सूचक र अङ्भारको आधारमा गर्नु पर्नेछ।

१०. <u>मूल्याङ्कन समिति:</u> (१) दफा ६ बमोजिम प्राप्त आवेदनको दफा ९ बमोजिमको आधारमा मूल्याङ्कन गरी विभाग समक्ष सिफारिस गर्न विभागमा देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ:

(क) निर्देशक, साना तथा मझौला उद्योग प्रवर्धन शाखा, विभाग -संयोजक

(ख) सम्बन्धित शाखाको अधिकृतस्तरको प्राविधिक कर्मचारी, विभाग -सदस्य

(ग) नेपाल राष्ट्र बैंक (एकल विन्दु सेवा केन्द्र, उद्योग विभाग) को अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा, विभाग -सदस्य

(ङ) भन्सार अधिकृत (एकल विन्दु सेवा केन्द्र, उद्योग विभाग) -सदस्य

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा आवश्यकता अनुसार विभागले तोकेको सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) यस कार्यविधि बमोजिम मूल्याङ्कन समितिले उच्चतम अङ्क प्राप्त गर्ने उद्योग तथा निर्यातकर्तालाई प्रोत्साहन रकम प्रदान गर्न न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गर्ने आवेदक मध्येबाट विनियोजित बजेटको सीमा, दफा ३ को उपदफा (३) र (४) को अधिनमा रही सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवेदकको योग्यताक्रम निर्धारण सहितको प्रोत्साहन रकम सिफारिस सूची तयार गरी स्वीकृतिको लागि विभाग समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) मूल्याङ्कन समितिको सचिवालयको कामकाज साना तथा मझौला उद्योग प्रवर्धन शाखाले गर्नेछ।

११. <u>आवेदनको स्वीकृति</u>: विभागले दफा १० बमोजिम मूल्याङ्कन समितिले सिफारिस गरेको योग्यताक्रमको सूचीबाट विनियोजित बजेट रकमको सीमा भित्र रही प्रोत्साहन रकम प्राप्त गर्ने उद्योग तथा निर्यातकर्ताको योग्यताक्रम स्वीकृत गर्नु पर्नेछ।

१२. <u>प्रोत्साहन रकमको भुक्तानी</u>: (१) दफा ११ बमोजिम स्वीकृत आवेदनको आधारमा विभागले विनियोजित बजेटको सीमा भित्र रही स्वीकृत प्रोत्साहन रकम विद्युतीय कोष हस्तान्तरण (इएफटी) प्रणाली मार्फत सम्बन्धित उद्योग वा निर्यातकर्ताको नाममा रहेको बैंक खातामा जम्मा गरी दिनेछ।

(२) भुक्तानीको लागि प्रोत्साहन रकम देहायको सुत्रको आधारमा गणना गरिनेछ।

कुल प्रोत्साहन रकम= (पछिल्लो आर्थिक वर्षको उत्पादित वस्तुको कुल बिक्री मूल्य — आधार वर्षको उत्पादित वस्तुको कुल बिक्री मूल्य) x प्रोत्साहन दर (प्रतिशत) ले हुन आउने रकम वा दफा ३ को उपदफा (४) बमोजिम हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो रकम।

(३) उपदफा (२) बमोजिमको प्रोत्साहन दर देहाय बमोजिम हुनेछ।

अङ्कभार (प्राप्ताङ्क)	प्रोत्साहन दर (प्रतिशत)
९१ देखि १०० सम्म	१०
८१ देखि ९० सम्म	८
७१ देखि ८० सम्म	६
६१ देखि ७० सम्म	४
५० देखि ६० सम्म	२

१३. <u>समन्वय समितिको गठन</u>: (१) प्रोत्साहन रकम प्रदान गर्ने सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन एवम् समन्वय गर्न विभागमा देहाय बमोजिमको एक समन्वय समिति रहनेछ।

(क) महानिर्देशक, विभाग -संयोजक
(ख) उपसचिव, मन्त्रालय -सदस्य
(ग) निर्देशक, औद्योगिक प्रविधि तथा वातावरण शाखा, विभाग -सदस्य
(घ) उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, विभाग -सदस्य
(ङ) उपनिर्देशक, नेपाल राष्ट्र बैंक (एकल विन्दु सेवा केन्द्र, उद्योग विभाग), -सदस्य
(च) कर अधिकृत (एकल विन्दु सेवा केन्द्र, उद्योग विभाग), -सदस्य
(छ) निर्देशक, साना तथा मझौला उद्योग प्रवर्धन शाखा, विभाग -सदस्य सचिव

(२) समन्वय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(३) समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समन्वय समितिको सदस्य सचिवले समितिको बैठकको निर्णय संयोजकबाट प्रमाणित गराई राख्नु पर्नेछ।

१४. <u>समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>: दफा १३ बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रमको नियमित रूपमा अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ग) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक अध्ययन, अनुसन्धान तथा पैरवी गर्ने।

१५. <u>प्रोत्साहन रकम उपलब्ध नगराइनेः</u> (१) यस कार्यविधि बमोजिम उद्योग तथा निर्यातकर्तालाई एक आर्थिक वर्षमा अनुसूची-१ मा उल्लिखित एकभन्दा बढी वस्तुका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

(२) यस कार्यविधि बमोजिम मूल्याङ्कन प्रक्रियामा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त नगरेका उद्योग तथा निर्यातकर्तालाई प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

१६. <u>कार्यक्रम सञ्चालनको लागि बजेट व्यवस्थापनः</u> (१) यस कार्यविधि बमोजिमको कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमको बढीमा तीन प्रतिशतसम्म बजेट कार्यक्रम व्यवस्थापन खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधि बमोजिम कार्यक्रम व्यवस्थापन खर्च, दफा १० बमोजिमको मूल्याङ्कन समिति र दफा १३ बमोजिमको समन्वय समितिको लागि मात्र कार्यक्रम स्वीकृत गराई खर्च गर्नुपर्नेछ।

१७. <u>झुटा विवरण तथा कागजात पेस गरेमा कारवाही तथा रकम असुल उपर गरिनेः</u> (१) यस कार्यविधि बमोजिम प्रोत्साहन रकम प्राप्त गर्न आवेदनसाथ पेस भएका विवरण तथा कागजात झुटा भएको पाइएमा विभागले त्यस्तो उद्योग वा निर्यातकर्तालाई प्रदान गरिएको प्रोत्साहन रकम प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

१८. <u>अनुगमन तथा निरीक्षणः</u> (१) विभागले यस कार्यविधि बमोजिम प्रदान गरिएको प्रोत्साहन रकमको सम्बन्धमा आवश्यकतानुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) अनुगमन तथा निरीक्षणका क्रममा सम्बन्धित उद्योग वा निर्यातकर्ताले विभागले माग गरेको विवरण, कागजात तथा सूचना उपलब्ध गराउनु पर्नेछ।

रुद्रसिंह [illegible]
सचिव

अनुसूची-१

(दफा २ को खण्ड (ख), (ज), दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा समावेश गरिने वस्तुहरूको सूची

१. प्रशोधित चिया, प्रशोधित कफी, प्रशोधित अलैची, प्रशोधित अदुवा (सूठो, स्लाइडिड, तेल र पाउडर लगायत), प्रशोधित बेसार, प्रशोधित मसला,
२. प्रशोधित मह,
३. प्रशोधित दुध तथा दुग्धजन्य पदार्थ,
४. तरकारी, फलफूल, च्याउ र तिनका प्रशोधित सामग्री,
५. नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर) एग्रो फरेष्ट,
६. अन्य खाद्य प्रशोधनजन्य उत्पादन (चाउचाउ, बिस्कुट, पास्ता, चिजबल्स जस्ता वस्तु)
७. स्प्रिड वाटर,
८. वाइन साइडर,
९. पुष्प र तिनका प्रशोधित सामाग्री,
१०. कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने,
११. प्राङ्गारिक मल,
१२. बेत, बाँस तथा अल्लो लगायत प्राकृतिक रेशाजन्य उत्पादन,
१३. गैर काष्ठजन्य वन पैदावारमा आधारित,
१४. फर्निचर, पार्केटिड, सिजनिड, प्लाइउड, कम्पोजिट बोर्ड लगायत काठबाट बनेका सामग्री,
१५. प्रशोधित जडीबुटी तथा सारयुक्त तेल,
१६. कागज, लोक्ताबाट बनेको हाते कागज तथा सोबाट उत्पादित सामान,
१७. हस्तकला र काष्ठकलाका वस्तु,
१८. ऊनी गलैंचा, पस्मिना, यार्न, टेक्स्टायल, ऊनीबाट बनेका सामान (फेल्ट सहित),
१९. प्रशोधित छाला (क्रष्ट) र छालाजन्य उत्पादनहरू,
२०. जुत्ता चप्पल, तयारी पोशाक,
२१. प्रशोधित पत्थर तथा पत्थरजडित गरगहना,
२२. आयुर्वेदिक औषधि।

रुद्रसिंह तामाङ
सचिव

अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

उत्पादनमा आधारित प्रोत्साहन रकमका लागि आवेदनको ढाँचा

विषयः उत्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराइदिने सम्बन्धमा।

श्रीमान् महानिर्देशकज्यू,
उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

म/हामी देहाय बमोजिमको विवरण भएको उद्योग/निर्यातकर्ता उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम प्रोत्साहन रकम उपलब्ध गराइदिन हुन देहायका कागजात संलग्न गरी यो आवेदन पेस गरेको छु/छौं ।

(क) उद्योग/निर्यातकर्ताको विवरणः-

१. उद्योग/निर्यातकर्ताको नामः
२. उद्योग/निर्यातकर्ताको ठेगानाः
   प्रदेशः ..... जिल्लाः ..... स्थानीय तहः .....
३. उद्योग दर्ता गर्ने निकायः
४. दर्ता नं. र दर्ता मितिः
५. स्थायी लेखा नं /मूल्य अभिवृद्धि कर दर्ता नं.:
६. बैंकको नामः
७. बैंक शाखाः
८. खाता नं.:

(ख) कार्यक्रम सम्बद्ध विवरणः-

१. उत्पादित वस्तुको नाम (अनुसूची-१ बमोजिम),
२. आधार वर्षको उत्पादन परिणाम/मूल्य,
३. पछिल्लो आर्थिक वर्षको उत्पादन परिमाण/मूल्य,
४. उत्पादन अभिवृद्धि प्रतिशत,
५. निर्यातमा योगदान प्रतिशत,
६. मूल्य अभिवृद्धि प्रतिशत,
७. राजश्वमा योगदान अभिवृद्धि,
८. रोजगारी सिर्जना (सामाजिक सुरक्षा कोषमा श्रमिकको आवद्धता) ।

यस आवेदनसाथ देहाय बमोजिमका कागजात संलग्न गरिएको छः-

(क) उद्योग/निर्यातकर्ता दर्ता, नवीकरण वा अध्यावधिक भएको प्रमाणपत्र,
(ख) स्थायी लेखा नं./मूल्य अविवृद्धि कर दर्ता प्रमाणपत्र,
(ग) आधार वर्ष तथा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,
(ङ) आधार वर्षको तुलनामा कम्तीमा दश प्रतिशत उत्पादन अभिवृद्धि भएको पुष्टि हुने कागजात,

(च) अनुसूची-३ बमोजिम गरिएको स्वःघोषणा,

(छ) अनुसूची-४ बमोजिम गरिएको स्वःघोषणा,

(ज) निर्यातकर्ताको हकमा प्रज्ञापनपत्र र बिलविजक।

आवेदन दिने व्यक्तिको नामः

पदः

सम्पर्क नं.:

दस्तखतः

मितिः

संस्थाको छापः

रुद्रसिंह ताजाड

अनुसूची-३

(दफा ६ को उपदफा (१)(च) सँग सम्बन्धित)

(सरकारी बक्यौता तथा कालोसूचीमा नपरेको स्वःघोषणा फाराम)

म/हामी देहाय बमोजिमको विवरण भएको उद्योग/निर्यातकर्ता उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम प्रोत्साहन रकम प्राप्त गर्न आवेदन पेस गर्ने सन्दर्भमा सत्यतथ्य रूपमा यो स्वःघोषणा गर्दछु/गर्दछौं कि मेरो/हाम्रो उद्योग वा संस्था कुनै पनि मन्त्रालय, विभाग, कार्यालय, समिति, बोर्ड, प्राधिकरण वा अन्य कुनै सरकारी निकायको कुनै प्रकारको सरकारी बक्यौता रकम बाँकी रहेको छैन। साथै, मेरो/हाम्रो उद्योग वा संस्था हालसम्म नेपाल सरकारको कुनै पनि निकायबाट कालोसूचीमा परेको छैन।

माथि उल्लिखित कुनै पनि विवरण असत्य वा झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम हुने सम्पूर्ण कारबाही स्वीकार गर्न म/हामी पूर्ण रूपमा मञ्जुर छु/छौं।

उद्योग/निर्यातकर्ताको नामः

ठेगानाः

दर्ता नं. तथा मितिः

स्थायी लेखा नं./मूल्य अभिवृद्धि कर दर्ता नं.:

स्वःघोषणा गर्ने व्यक्तिको नामः

पदः

सम्पर्क नं.

दस्तखतः

मितिः

रुद्रसिंह तामाङ
सचिव

अनुसूची-४

(दफा ६ को उपदफा (१)(छ) सँग सम्बन्धित)

(दोहोरो प्रोत्साहन सुविधा नलिएको स्वःघोषणा फाराम)

म/हामी देहाय बमोजिमको विवरण भएको उद्योग/निर्यातकर्ता उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम प्रोत्साहन रकम प्राप्त गर्ने प्रयोजनका लागि सत्यतथ्य रूपमा यो स्वःघोषणा गर्दछु/गर्दछौं कि यस कार्यविधि अन्तर्गत माग गरिएको प्रोत्साहन रकमको विषयमा मेरो/हाम्रो उद्योग वा संस्थाले नेपाल सरकारका कुनै पनि मन्त्रालय, विभाग, कार्यालय, समिति, बोर्ड, प्राधिकरण वा अन्य कुनै सरकारी निकायबाट चालु आर्थिक वर्षको विनियोजित बजेटबाट समान उद्देश्यका लागि प्रदान गरिने कुनै पनि प्रकारको दोहोरो प्रोत्साहन सुविधा लिएको वा लिने छैन।

उल्लिखित विवरण असत्य वा झुट्टा ठहरिएमा प्राप्त गरेको सम्पूर्ण प्रोत्साहन रकम प्रचलित कानून बमोजिम नेपाल सरकारलाई फिर्ता गर्न वा हुने सम्पूर्ण कारवाही स्वीकार गर्न म/हामी मञ्जुर छु/छौं।

उद्योग/निर्यातकर्ताको नामः

ठेगानाः

दर्ता नं. तथा मितिः

स्थायी लेखा नं /मूल्य अविवृद्धि करः

स्वःघोषणा गर्ने व्यक्तिको नामः

पदः

सम्पर्क नं.

दस्तखतः

मितिः

रुद्रसिंह तागाङ
सचिव

अनुसूची-५

(दफा ९ सँग सम्बन्धित)

मूल्याङ्कनका आधारहरू

क.स	मूल्याङ्कनको आधार	अङ्कभार (पूर्णाङ्क)	सूचक	अङ्कभार (प्राप्ताङ्क)
१.	उत्पादन अभिवृद्धि	५०		
	(क) बिक्री मूल्यको आधारमा	३०	• २५ प्रतिशत भन्दा बढी भएमा • २० प्रतिशत भन्दा बढी २५ प्रतिशतसम्म भएमा • १५ प्रतिशत भन्दा बढी २० प्रतिशतसम्म भएमा • १० प्रतिशत भन्दा बढी १५ प्रतिशतसम्म भएमा	३० २५ २० १५
	(ख) उत्पादित परिमाणको आधारमा	२०	• २५ प्रतिशत भन्दा बढी भएमा • २० प्रतिशत भन्दा बढी २५ प्रतिशतसम्म भएमा • १५ प्रतिशत भन्दा बढी २० प्रतिशतसम्म भएमा • १० प्रतिशत भन्दा बढी १५ प्रतिशतसम्म भएमा	२० १६ १२ ८
२.	निर्यातमा योगदान	२०	• कूल बिक्रिमा निर्यातको हिस्सा ८० प्रतिशत भन्दा बढी भएमा • कूल बिक्रिमा निर्यातको हिस्सा ६० प्रतिशत भन्दा बढी ८० प्रतिशतसम्म भएमा • कूल बिक्रिमा निर्यातको हिस्सा ४० प्रतिशत भन्दा बढी ६० प्रतिशतसम्म भएमा • कूल बिक्रिमा निर्यातको हिस्सा २० प्रतिशत भन्दा बढी ४० प्रतिशतसम्म भएमा	२० १६ १२ ८
३.	मूल्य अभिवृद्धि	१०	• ७० प्रतिशत भन्दा बढी भएमा • ५० प्रतिशत भन्दा बढी ७० प्रतिशतसम्मभएमा • ३० प्रतिशत भन्दा बढी ५० प्रतिशतसम्म भएमा	१० ८ ६
४.	राजश्वमा योगदान	१०	• आधार वर्षको तुलनामा आयकरमा वृद्धि १५ प्रतिशत भन्दा बढी भएमा • आधार वर्षको तुलनामा आयकरको अनुपात १० प्रतिशत भन्दा बढी १५ प्रतिशतसम्म भएमा • आधार वर्षको तुलनामा आयकरमा वृद्धि ५ प्रतिशत भन्दा बढी १० प्रतिशतसम्म भएमा • आधार वर्षको तुलनामा आयकरमा ५ प्रतिशतसम्म भएमा	१० ८ ६ ४
५.	रोजगारी सिर्जना (सामाजिक सुरक्षाकोषमा श्रमिकको आवद्धता)	५	• सामाजिक सुरक्षा कोषमा श्रमिकको आवद्धता ७६ प्रतिशतदेखि १०० प्रतिशतसम्म भएमा • सामाजिक सुरक्षा कोषमा श्रमिकको आवद्धता ५१ प्रतिशतदेखि ७५ प्रतिशतसम्म भएमा • सामाजिक सुरक्षा कोषमा श्रमिकको आवद्धता	५ ४

क.स	मूल्याङ्कनको आधार	अङ्कभार (पूर्णाङ्क)	सूचक	अङ्कभार (प्रासाङ्क)
			२५ प्रतिशतदेखि ५० प्रतिशतसम्म भएमा	३
६.	उद्योगको भौगोलिक अवस्थिति	५	• अति अविकसित क्षेत्र • अविकसित क्षेत्र • कम विकसित क्षेत्र • अन्य क्षेत्र	५ ४ ३ २

रुद्रसिंह